आर्थिक ऐन, २०७७ द्वारा प्रदान गरिएका कर छुट तथा सुविधा सम्बन्धी व्यवस्था

- विगतमा कर लाग्ने आय आर्जन गरेको व्यक्तिले सम्वत् २०७७ फागुन मसान्तसम्म स्थायी लेखा नम्बर लिई करको दायरामा आएमा लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ ।
- आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण नबुझाएका व्यक्तिले विवरण सो विवरण अनुसार लाग्ने कर र तोकिएको ब्याज सम्वत् २०७७ फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने थप दस्तुर, शुल्क, ब्याज तथा जरिवाना मिन्हा हुनेछ ।
- खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा हुनेछ ।
- आयकर ऐन, २०३१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका ऐन बमोजिम सम्वत् २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल हुन नसकेका बक्यौता करमध्ये प्रति लगत पचास हजार रुपैयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको छ ।
- सम्वत् २०७५ असार मसान्तभित्र भएको कर निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकन तथा राजस्व न्यायाधिकरणमा पुनरावेदनमा गई विचराधिन रहेको मुद्दा फिर्ता लिई कर निर्धारणबाट कायम भएको कर र सोमा लागेको ब्याज सम्वत् २०७७ फागुन मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा दिइनेछ ।
- कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत स्वरूप निम्न करदाताहरूलाई आर्थिक वर्ष २०७६।७७ मा लाग्ने करमा देहाय बमोजिम छुट प्रदान गरिएकोछः
- डे. १ आय विवरण बुझाउनेलाई ७५ प्रतिशत,
- डे. २ आय विवरण बुझाउनेलाई ५० प्रतिशत,
- रु.१ करोड सम्मको डे.३ आय विवरण बुझाउनेलाई २५ प्रतिशत,
- रु.१ करोड भन्दा माथिको डे.३ आय विवरण बुझाउने होटल ट्राभल ट्रेकिङ्ग
- यातायात वा हवाई सेवाको कारोबार गर्ने करदातालाई २० प्रतिशत । कुनै व्यक्तिले आर्थिक वर्ष २०७६।७७ मा नेपाल सरकार प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको कर योग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने छ ।
- कुनै पनि योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम सम्वत् २०७७ चैत्र मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको रकममा अवकाश भुक्तानी बापत कर कट्टी गर्नुपर्ने छैन ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ४४१५८०२

कर छुट तथा सुविधा सम्बन्धी व्यवस्था

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ४४१५८०२/४४१५८०३/४४१२२४७, ४४१९७१९/४४३९७८७/४४३९७८९
फ्याक्सः ४४११७८८
Email: hq@ird.gov.np, Web Site: www.ird.gov.np

२०७७ भदौ

कर छुट तथा सुविधा सम्बन्धी व्यवस्था

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
२०७७ भदौ

भूमिका

आयकर ऐन, २०५८ ले व्यवसायको प्रकृति, स्वामित्व, व्यवसाय सञ्चालन भएको भौगोलिक क्षेत्र, रोजगारी उपलब्ध गराएको अवस्था वा विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएका उद्योगको आयमा लाग्ने करमा सहुलियत प्रदान गरिने व्यवस्था गरेको छ । कुनै खास उद्योगलाई आर्थिक रूपले सक्षम पार्न, निर्यात व्यापारको लागत कम गराई अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउन एवम् पूर्वाधारको विकास गर्न त्यस्तो व्यवसायको आयमा लाग्ने करमा पूर्ण छुट/आंशिक छुट र आवधिक छुट दिने व्यवस्था गरिएको छ। कस्तो व्यवसाय, कहाँ सञ्चालन गरेमा, कस्तो स्वामित्व अन्तर्गत सञ्चालन भएमा, कति संख्यामा रोजगारी सिर्जना गरेमा के कस्तो छुट तथा सुविधा प्राप्त गर्ने भन्ने व्यवस्था आयकर ऐन, २०५८ को व्यवस्थालाई थप व्याख्या र उदाहरण सहित साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा दिइएको छुट सुविधा समेत समावेश गरी यो पुस्तिका पहिलो पटक तयार पारिएको छ ।

स्वयंकर निर्धारण प्रणालीमा आधारित आयकर ऐन २०५८ को व्यवस्था कार्यान्वयन गर्ने क्रममा करसँग सम्बन्धित निर्देशिकाहरू तयार गरी प्रकाशन समेत गर्दै आइएको छ । स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले आन्तरिक राजस्व विभागबाट करदातालाई कर शिक्षा प्रदान गर्ने कार्य निरन्तर रुपमा सञ्चालन गर्दै आएको कुरा सर्वविदितै छ । आयकर ऐनमा भएको कर छुट हुने रकम तथा कर छुट सुविधा सम्बन्धी व्यवस्था अनुरूप के कस्तो उद्योग सञ्चालन गरी कारोबार गरेमा प्राप्त हुने आयमा कर नलाग्ने वा कर छुट हुने हो भन्ने विषयमा करदातालाई सरल रूपमा जानकारी प्रदान गर्न र अप्रत्यक्ष करमा दिइएको छुट सुविधा सम्बन्धमा यो पुस्तिकाले सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा लिएको छु ।

यो पुस्तिका तयार गर्न संयोजनकारी भुमिका निर्वाह गर्नु हुने उपमहानिर्देशकहरु श्री गजेन्द्र कुमार ठाकुर, मुक्ति प्रसाद पाण्डे र शिवादेवी दाहाललाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत पुस्तिका तयार गर्न लगनशिल भई निरन्तर रुपमा खटिनु भएका यस विभागका नीति विश्लेषण शाखाका निर्देशक श्री पदम कुमार श्रेष्ठ, शाखा अधिकृतद्वय श्री युवराज वस्नेत र श्री रुपेशजंग थापामगर धन्यवादका पात्र हुनु हुन्छ ।

करदाताहरूले आफूले सञ्चालन गरेको कारोबारबाट आर्जित आयमा पाउन सक्ने छुट सुविधा सम्बन्धमा यस पुस्तिकाले करदाताहरूलाई जानकारी दिनुको साथै कर प्रशासनमा कार्यरत कर्मचारीहरूलाई कार्य सम्पादनको क्रममा उत्पन्न हुने कर छुट सम्बन्धी द्विविधा निराकरण भई समग्रमा स्वेच्छिक कर सहभागिता अभिवृद्धिमा थप मद्दत पुग्ने विश्वास लिएको छु ।



विनोद बहादुर कुँवर
महानिर्देशक

२०७७ भाद्र

विषय सूची

सि.नं.	विषय	पेज नं.
१.	१. पृष्ठभूमी	१
२.	२. आयकर छुट सम्बन्धी व्यवस्था	२
३.	२.१ आयकर छुटको सुविधा	३
४.	२.२ करको दरमा सुहलियत सम्बन्धी व्यवस्था	२०
५.	२.३ कर छुट तथा सहुलियत सम्बन्धी विशेष व्यवस्था	२३
६.	२.३.१ पूर्वानुमानित कर सम्बन्धी व्यवस्था	२३
७.	२.३.२ खर्च तथा नोक्सानी कट्टी सम्बन्धी विशेष व्यवस्था	२४
८.	२.४ प्राकृतिक व्यक्तिको कर गणना सम्बन्धी विशेष व्यवस्था	२६
९.	२.५ अन्य विशेष व्यवस्था	२८
१०.	२.५.१ कर लेखाङ्कन सम्बन्धी विशेष व्यवस्था	२८
११.	२.५.२ जोखिम व्यहोर्ने कोष सम्बन्धी विशेष व्यवस्था	२९
१२.	२.५.३ बीमा व्यवसाय सम्बन्धी विशेष व्यवस्था	२९
१३.	२.५.४ पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन सम्बन्धी विशेष व्यवस्था	२९
१४.	२.५.५ सम्पदा संरक्षण र खेलकुदको विकासमा गरेको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था	२९
१५.	२.५.६ कर छुट पाएका संस्थाहरूलाई दिइएको चन्दा उपहार सम्बन्धी विशेष व्यवस्था ।	३०
१६.	२.५.७ कर छुट पाएका संस्थाहरूलाई दिइएको चन्दा उपहार सम्बन्धी विशेष व्यवस्था ।	३०
१७.	२.६ करको दर	३०
१८.	३. मूल्य अभिवृद्धि कर छुट र शून्य दर	३४
१९.	३.१ मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाहरू	३४
२०.	३.२ शून्य दरमा कर लाग्ने वस्तु तथा सेवाहरू	३५
२१.	३.३ कूटनीतिक, संयुक्त राष्ट्र संघ तथा आयोजनालाई कर छुट	३६
२२.	३.४ अन्य	३६

सि.नं.	विषय	पेज नं.
२३.	४. अन्तशुल्क	३६
२४.	४.१ अन्तःशुल्क नलाग्ने कारोबार	३६
२५.	४.२ अन्तःशुल्क छुट	३७
२६.	४.३ अन्तःशुल्क दरबन्दीको अनुसूचीमा भएको छुटको व्यवस्था	३८
२७.	५. दर घटाउन, बढाउन वा छुट दिन सक्ने	३९

१. पृष्ठभूमिः

राज्यले राज्य सञ्चालनका सिलसिलामा आवश्यक पर्ने आर्थिक स्रोतको परिपूर्तिका निमित्त प्राकृतिक व्यक्ति वा निकायबाट अनिवार्य रूपमा असुल गर्ने रकम नै कर हो । प्राय सबै देशले कर संकलनको लागि निश्चित कानुन बनाई सोही कानुन बमोजिम तोकिएका व्यक्ति वा निकायहरूबाट कर असुल गर्ने व्यवस्था गरेको हुन्छ। यस अर्थमा करको प्रमुख उद्देश्य राज्यलाई आर्थिक स्रोत उपलब्ध गराउनु हो ।

करको प्रारम्भिक तथा प्रमुख उद्देश्य आर्थिक स्रोतको उपलब्धता भए तापनि आज भोली करलाई केवल आर्थिक स्रोतको उपलब्धताको उद्देश्यमा मात्र सीमित नगरी देशमा आर्थिक वृद्धि, आर्थिक स्थिरता, सामाजिक न्याय कायम गर्ने आर्थिक नीतिको प्रमुख औजारको रूपमा प्रयोग गर्ने गरिन्छ । यसको लागि कर कानुन तथा नीति निर्माणको क्रममा नै सबै क्षेत्र, व्यक्ति तथा संस्थाहरू (करदाताहरू) लाई समानुपातिक वृद्धि तथा विकासको अवसर प्राप्त होस् भन्ने उद्देश्यले सबै किमिसका क्षेत्र, व्यक्ति तथा संस्थाहरूलाई एकै किसिमले कर लगाउने व्यवस्था नगरी क्षेत्रगत, व्यक्तिगत तथा संस्थागत अवस्था, विशेषता, आवश्यकता एवम् विशिष्ठिकृत पहिचानका आधारमा सकारात्मक विभेद (Positive Discrimination) कायम हुनेगरी कर लगाउने र असुल गर्ने व्यवस्था गरिएको हुन्छ ।

कर नीति तथा कानुनमा गरिएका सकारात्मक विभेद सम्बन्धमा आयमा पूर्ण वा आंशिक कर छुट दिने, आवधिक कर छुट दिने, सहुलियत दरमा कर लगाउने, आयकर गणना गर्दा विशेष सुविधाहरू प्रदान गर्ने, कानुनका विशेष प्रावधानहरूबाट उन्मुक्ति प्रदान गर्ने तथा कानुनका प्रावधानहरूको निरन्तरताको प्रत्याभुति प्रदान गर्ने, जस्ता व्यवस्थाहरू रहेका हुन्छन् ।

प्रत्यक्ष कर तर्फ आयकर ऐन, २०५८ ले पूर्ण कर छुटको सुविधा, आंशिक छुट अन्तर्गत लाग्ने आयकर र करको दरमा छुट सुविधा, आवधिक छुट सुविधा अन्तर्गत लाग्ने करमा छुट र लाग्ने करको दरभन्दा न्यून कर लगाउने अर्थात न्यून कर दरको सुविधा लगायतको कर छुटको सुविधा प्रदान गरेको छ । अप्रत्यक्ष कर तर्फ मूल्य अभिवृद्धि कर ऐन २०५२ ले मूल्य अभिवृद्धि कर छुट हुने वस्तु वा सेवाहरू र शून्य दरको करको व्यवस्था गरी कर छुट तथा सुविधा दिएको छ भने अन्तःशुल्क ऐन २०५८ ले अन्तःशुल्क नलाग्ने वस्तु वा सेवा र अन्तःशुल्क छुट हुने वस्तुको व्यवस्था गरी कर छुट तथा सुविधाको निश्चितता गरेको छ ।

२. आयकर छुट सम्बन्धी व्यवस्थाः

कुनै पनि व्यक्ति वा संस्थाको निश्चित अवधिको आर्जनबाट प्राप्त लाभ वा मुनाफाको अंशमा निश्चित प्रतिशतका दरले लाग्ने आयकर एक प्रत्यक्ष कर हो । प्रत्येक व्यक्ति वा संस्थाले आफूले आर्जन गरेको मुनाफा वा लाभमा राज्यलाई निश्चित आयकर तिर्नुपर्दछ । आयकर एउटा प्रत्यक्ष कर भएको हुनाले यसले व्यक्ति तथा संस्थाको आय आर्जन कार्य, खर्च क्षमता तथा बचत व्यवहारमा प्रत्यक्ष असर पार्ने गर्दछ । तसर्थ यसलाई आर्थिक नीतिको प्रमुख औजारको रूपमा पनि प्रयोग गर्ने गरिन्छ । आयकरका दरहरू न्यून भएमा यसले एका तर्फ व्यक्ति तथा संस्थाको बचत क्षमतामा वृद्धि गर्दछ भने अर्को तर्फ आर्थिक क्षेत्रमा लगानीलाई समेत प्रोत्साहित गरी आर्थिक वृद्धिलाई सकारात्मक दिशा तर्फ डोऱ्याउँछ । तर जब जब आयकरका दरहरू वृद्धि हुन्छ यसले करदाताको बचत क्षमतामा ह्रास ल्याई लगानी समेतलाई निरुत्साहन गर्ने गर्दछ । यसबाट आयकरले देशको आर्थिक वृद्धि तथा आर्थिक स्थायित्व कायम गर्ने सम्बन्धमा खेल्ने भूमिकालाई प्रष्ट्याउन सकिन्छ । त्यसैगरी प्रगतिशिल कर (न्यून आयलाई थोरै, अधिक आयलाई धेरै) को माध्यमबाट राज्यलाई नागरिकहरूका बीचमा आयको असमान वितरणको कारण सिर्जना भएको गरिबीको खाडललाई केही हदसम्म सानो बनाई सामाजिक न्याय स्थापना गर्न समेत मद्दत गर्दछ । विश्वका अधिकांश देशहरूले आयकरको उल्लिखित उद्देश्यलाई नै मध्यनजर गरी आयकर सम्बन्धी नीति तथा कानुन बनाई सोही अनुसार आयकर लगाउने र असुल उपर गर्ने गर्दछन् ।

नेपालको सम्बन्धमा हेर्दा आयकर सम्बन्धी व्यवस्थालाई नियमन तथा व्यवस्थापन गर्न आयकर कानुनका रूपमा आयकर ऐन, २०५८ र आयकर नियमावली, २०५९ विद्यमान रहेको छ । ९० को दशकमा आएको संरचनात्मक सुधार कार्यक्रम अन्तर्गत करको क्षेत्रलाई समेत उदार तथा समय सान्दर्भिक बनाउने सन्दर्भमा पुरानो आयकर ऐन, २०३१ लाई प्रतिस्थापन गरी मिति २०५८ चैत्र १९ गते देखि आयकर ऐन, २०५८ र सोही ऐनको अधिकार अन्तर्गत रही तयार भएको आयकर नियमावली, २०५९ मिति २०५९ जेष्ठ २४ गते देखि लागू रहेको छ । स्वयंकर निर्धारणको महत्वपूर्ण व्यवस्थालाई अंगिकार गरेको यस ऐनले बासिन्दा व्यक्तिको जुनसुकै स्थानमा भएको आय र गैर बासिन्दा व्यक्तिको नेपालमा स्रोत भएको आयमा आयकर लाग्ने व्यवस्था गरेको छ । त्यसैगरी आर्थिक नीतिको औजारको रूपमा आर्थिक वृद्धि, आर्थिक स्थायित्व, सामाजिक न्याय समेतलाई प्रबर्द्धन गर्न यस ऐनले यसका विभिन्न दफाहरूमा विभिन्न किसिमका सकारात्मक विभेदका प्रावधानहरूलाई अंगिकार गर्दै कर सहुलियत तथा सुविधाका व्यवस्थाहरू राखेको पाइन्छ ।

२.१ आयकर छुटको सुविधा

आयकर ऐन, २०५८ मा रहेको एउटा महत्वपूर्ण सुविधा वा सहुलियत करबाट उन्मुक्ति प्रदान गर्ने रहेको छ ।यस अन्तर्गत सामाजिक रूपमा संरक्षण प्रदान गर्नुपर्ने व्यक्ति तथा संस्थाहरूका साथै व्यावसायिक प्रतिस्पर्धाबाट संरक्षित गर्नुपर्ने विशेष प्रकार र क्षेत्रका व्यवसायहरूलाई कर छुटको सुविधा प्रदान गरिएको छ । आयकर ऐन, २०५८ को दफा १०, ११, ११क., १२, १२क., १२ख., ४७क. र ६४ मा कर छुट तथा सुहलियत सम्बन्धी व्यवस्था रहेको छ । यस्तो किसिमको छुट सुविधाहरूलाई निम्न ३ वर्गमा विभाजन गरी हेर्न सकिन्छ ।

(क) पूर्ण छुटको सुविधाः

आयकर ऐन, २०५८ अनुसार निश्चित व्यक्तिले निश्चित स्रोतबाट गरेको आयलाई कर प्रयोजनको लागि पूर्ण छुट प्रदान गरिएको छ । आयकर छुट हुने रकम भन्नाले रकम प्राप्त गर्ने व्यक्तिले आय गणना गर्ने प्रयोजनको लागि रोजगारी, व्यवसाय र लगानीको आयमा समावेश गर्नु नपर्ने रकमलाई बुझाउछ । यस्तो किसिमको छुट प्राप्त आयलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

दफा	उपदफा/खण्ड	विवरण
१०	खण्ड (क)	नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम ।
१०	खण्ड (ख)	विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरे बापत कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकम, तर सो व्यक्ति रोजगारी गरेको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको हुनुपर्ने र सो राष्ट्रको सरकारी कोषबाट त्यस्ता रकमहरू भुक्तानी गरिएको हुनुपर्ने ।
१०	खण्ड (ग)	नेपालको नागरिक नभएको खण्ड (ख) बमोजिमको प्राकृतिक व्यक्ति वा निजको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको रकम ।

दफा	उपदफा/खण्ड	विवरण
१०	खण्ड (घ)	कर तिर्नु नपर्ने शर्तमा नेपाल सरकारको सेवामा नियुक्त भएका गैर नेपाली नागरिकले प्राप्त गरेको रकम ।
१०	खण्ड (ङ)	नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट सामाजिक सुरक्षाको रूपमा दिइने सबै प्रकारको भत्ता ।
१०	खण्ड (च)	रोजगारी, व्यवसाय वा लगानी बापतको आयको गणना गर्दा समावेश गरिनुपर्ने बाहेकको उपहार, इच्छापत्र, अपुताली वा छात्रवृत्तिको रूपमा प्राप्त रकमहरू ।
१०	खण्ड (छ)	छुट पाउने संस्थाले देहाय बमोजिम प्राप्त गरेको रकमः- क) चन्दा, उपहार, ख) छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरू ।
१०	खण्ड (ज)	विदेशी राष्ट्रको सेना वा प्रहरी सेवाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तभरण बापतको रकम ।
१०	खण्ड (झ)	नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको जुनसुकै प्रकारको आय ।
१०	खण्ड (ञ)	नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम ।
१०	खण्ड (ट)	जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम ।
११	(१)	कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानी ।

दफा	उपदफा/खण्ड	विवरण
११	(२)	सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिकाको क्षेत्रमा सञ्चालित सहकारी संस्था वा संघको आय ।
११	(२)	उपरोक्त बमोजिमका संस्था वा संघले वितरण गरेको लाभांश ।
११	(२क)	गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघु वित्त संस्था, ग्रामिण विकास बैङ्क, हुलाक बचत बैंङ्क र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आय ।
११	(३)(ग)	एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट ।

दफा	उपदफा/खण्ड	विवरण
११	(३)(ग)	तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुंजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट ।
११	(३क)(क)	हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरमा शतप्रतिशत छुट।
११	(३क)(ख)	खण्ड (क) मा उल्लिखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरमा शतप्रतिशत छुट ।
११	(३क)(ग)	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म शतप्रतिशत छुट ।
११	(३ख)	खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट ।
११	(३घ)	सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रूपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट । त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउने ।

दफा	उपदफा/खण्ड	विवरण
११	(३ट)	दुई अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा छुट ।
११	(३ठ)	विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा शत प्रतिशत छुट ।
११	(३त)	लघु उद्यमलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले सात वर्षसम्म लाग्ने आयकर पूर्ण रूपमा छुट । यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप तीन वर्ष लाग्ने आयकर पूर्ण रूपमा छुट ।
४७क.	(४)	गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरूले आफ्नो शेयर गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गरेमा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पुँजीगत लाभ कर नलाग्ने ।
४७क.	(५)	गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभाशंमा कर नलाग्ने ।
६४	(२)	स्वीकृत अवकाश कोषको स्वीकृत लगानीको आयमा कर नलाग्ने ।

(ख) आंशिक छुटको सुविधाः

आयकर ऐन, २०५८ मा पूर्ण कर छुटको साथसाथै कतिपय व्यक्तिको आय वा निश्चित स्रोतबाट भएको आयलाई कर प्रयोजनको लागि आंशिक रूपमा कर छुट प्रदान गर्ने गरी समेत व्यवस्था गरिएको छ । आंशिक छुटको सुविधा लाग्ने आयकरमा र करको दरमा दिइएको छ । यस्तो किसिमको छुटलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

दफा	उपदफा/खण्ड	विवरण	छुट
११	(२ख) (क)	वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले छुट ।	करको दरमा १/३
११	(२ख)(ख)	वर्षभरि पूर्ण रूपमा सञ्चालनमा रहेको विशेष उद्योग सञ्चालनबाट भएको निकायको आयमा लाग्ने करमा बीस प्रतिशतले छुट ।	२०%
११	(३)(क)	वर्षभरि एक सय वा सोभन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई लाग्ने करमा दश प्रतिशत छुट ।	१०%
११	(३)(क)	वर्षभरि तीन सय वा सो भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई लाग्ने करमा बीस प्रतिशत छुट ।	२०%
११	(३)(क)	वर्षभरि पाँच सय वा सो भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई लाग्ने करमा पच्चीस प्रतिशत छुट ।	२५%
११	(३)(क)	वर्षभरि एक हजार वा सो भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई लाग्ने करमा तीस प्रतिशत छुट ।	३०%
११		महिला, दलित वा अपाङ्गहरूमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी एक सय जनाभन्दा	१०%

दफा	उपदफा/खण्ड	विवरण	छुट
	(३)(क) प्रतिबन्धात्मक वाक्यांश	बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएको विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई लाग्ने कर रकममा थप दश प्रतिशत छुट ।	
११	(३)(ख)	अति अविकसित क्षेत्रहरूमा सञ्चालन भएको विशेष उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म उक्त वर्षहरूको आयमा लाग्ने करको दश प्रतिशत मात्र कर लाग्ने ।	९०%
११	(३)(ख)	अविकसित क्षेत्रहरूमा सञ्चालन भएको विशेष उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म उक्त वर्षहरूको आयमा लाग्ने करको बीस प्रतिशत मात्र कर लाग्ने ।	८०%
११	(३)(ख)	कमविकसित क्षेत्रहरूमा सञ्चालन भएको विशेष उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म उक्त वर्षहरूको आयमा लाग्ने करको तीस प्रतिशत मात्र कर लाग्ने ।	७०%
११	(३)(ग)	एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई ***त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत छुट ।***	५०%
११	(३)(ग)	तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरि नै	५०%

दफा	उपदफा/खण्ड	विवरण	छुट
		प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई ***त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत छुट*** ।	
११	(३क)(क)	हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकर को शतप्रतिशत र ***त्यसपछिको आय वर्षमा लाग्ने आयकरमा पचास प्रतिशत छुट*** ।	५०%
११	(३क)(ख)	खण्ड (क) मा उल्लेखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शतप्रतिशत र ***त्यसपछिका आय वर्षमा लाग्ने आयकरमा पचास प्रतिशत छुट*** ।	५०%
११	(३क)(ग)	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म शतप्रतिशत र ***त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत छुट*** ।	५०%
११	(३क)(घ)	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको पचास प्रतिशत छुट ।	५०%
११	(३ख)	खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०८० साल चैत्र महिनासम्म	५०%

दफा	उपदफा/खण्ड	विवरण	छुट
		व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पुरै आयकर छुट र ***त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत छुट*** ।	
११	(३ग)	नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक प्रशोधन, साइवर क्याफे, डिजिटल म्यापिंग सम्बन्धी उद्योगको आयमा लाग्ने करको पचास प्रतिशत छुट ।	५०%
११	(३घ)	सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रूपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउनेछ र ***त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट*** । त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउने ।	५०%
११	(३ङ) (क)	नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतको दरले कर लाग्नेमा सो करमा पच्चीस प्रतिशत छुट ।	२५%
११	(३ङ) (क)	नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट	५०%

दफा	उपदफा/खण्ड	विवरण	छुट
		भएको बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतको दरले कर लाग्नेमा सो करमा पचास प्रतिशत छुट ।	
११	(३ङ)(ख)	नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको निकायको आयमा लाग्ने करमा बीस प्रतिशत छुट ।	२०%
११	(३ङ)(ग)	उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिमको छुट पछि कायम हुने करमा थप पच्चीस प्रतिशत छुट ।	२५%
११	(३च)	कुनै निकायले ट्राम वा ट्रली बस सञ्चालन गरी सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा चालिस प्रतिशत छुट ।	४०%
११	(३च)	कुनै निकायले रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गरेमा सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा चालिस प्रतिशत छुट ।	४०%
११	(३च)	कुनै निकायले सडक, पुल, सुरुङ्गमार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा पचास प्रतिशत छुट ।	५०%
११	(३छ)	धितोपत्र बजारमा सूचिकृत भएका उत्पादनमुलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरूलाई लाग्ने करमा पन्ध्र	१५%

दफा	उपदफा/खण्ड	विवरण	छुट
		प्रतिशत छुट ।	
११	(३ज)	अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म चालीस प्रतिशत आयकर छुट ।	४०%
११	(३ज)	अति अ अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म पच्चीस प्रतिशत आयकर छुट ।	२५%
११	(३झ)	कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा पच्चीस प्रतिशत छुट ।	२५%
११	(३ञ)	कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट ।	५०%
११	(३ट)	दुई अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा र ***त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट।***	५०%
११	(३ड)	पचास करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी हुने गरी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक	१०%

दफा	उपदफा/खण्ड	विवरण	छुट
		कम्पनीको रूपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा दश प्रतिशत छुट ।	
११	(३ढ)	स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट ।	५०%
११	(३ण)	सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाको कर योग्य आयमा लाग्ने करमा बीस प्रतिशत छुट ।	२०%
११	(३थ)	कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको कर योग्य आयमा लाग्ने करमा बीस प्रतिशत छुट ।	२०%
११	(३द)	औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना भई सञ्चालन भएका विशेष उद्योगलाई कारोबार सुरू गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरमा पच्चीस प्रतिशत छुट ।	२५%

(ग) आवधिक छुटको सुविधाः

आयकर ऐन, २०५८ मा कतिपय व्यक्तिको आय वा निश्चित स्रोतबाट भएको आयलाई कर प्रयोजनको लागि निश्चित अवधि सम्मको लागि आवधिक रूपमा लाग्ने करमा छुट प्रदान गर्ने व्यवस्था गरिएको छ । यस्तो किसिमको छुटलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

दफा	उपदफा/खण्ड	विवरण	छुट प्रतिशत
११	(३)(ख)	अति अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यसरी सञ्चालन भएको उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले **दश वर्षसम्म** लाग्ने करको दश प्रतिशत मात्र कर लाग्ने ।	९०%
११	(३)(ख)	अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यसरी सञ्चालन भएको उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले **दश वर्षसम्म** लाग्ने करको बीस प्रतिशत मात्र कर लाग्ने ।	८०%
११	(३)(ख)	कमविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यसरी सञ्चालन भएको उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले **दश वर्षसम्म** लाग्ने करको तीस प्रतिशत मात्र कर लाग्ने ।	७०%
११	(३)(ग)	एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले **पाँच वर्षसम्म** पूर्ण रूपमा आयकर छुट ।	१००%
११	(३)(ग)	एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको **तीन वर्षसम्म** लाग्ने करको पचास प्रतिशत आयकर छुट ।	५०%

दफा	उपदफा/खण्ड	विवरण	छुट प्रतिशत
११	(३)(ग) प्रतिबन्धात्मक वाक्यांश	तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा **पाँच वर्षसम्म** पूर्ण रूपमा आयकर छुट ।	१००%
११	(३)(ग) प्रतिबन्धात्मक वाक्यांश	तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको **तीन वर्षसम्म** लाग्ने करको पचास प्रतिशत आयकर छुट ।	५०%
११	(३क)(क)	हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले **दश वर्षसम्म** लाग्ने आयकरमा शतप्रतिशत छुट ।	१००%
११	(३क)(क)	हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र **त्यसपछिको आय वर्षमा** लाग्ने आयकरमा पचास प्रतिशत छुट ।	५०%
११	(३क)(ख)	खण्ड (क) मा उल्लेखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले **पाँच**	१००%

दफा	उपदफा/खण्ड	विवरण	छुट प्रतिशत
		वर्षसम्म लाग्ने आयकरमा शतप्रतिशत छुट ।	
११	(३क)(ख)	खण्ड (क) मा उल्लेखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र **त्यसपछिका आय वर्षमा** लाग्ने आयकरमा पचास प्रतिशत छुट ।	५०%
११	(३क)(ग)	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार सुरु गरेको मितिले **पाँच वर्षसम्म** शतप्रतिशत छुट ।	१००%
११	(३क)(ग)	विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म शतप्रतिशत र त्यसपछिको **तीन वर्ष सम्म** पचास प्रतिशत छुट ।	५०%
११	(३ख)	खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् **२०८० साल चैत्र महिनासम्म** व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा **कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म** पूरै आयकर छुट ।	१००%
११	(३ख)	खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउने र त्यसपछिको **तीन वर्षसम्म**	५०%

दफा	उपदफा/खण्ड	विवरण	छुट प्रतिशत
		पचास प्रतिशत आयकर छुट ।	
११	(३घ)	**सम्वत् २०८० साल चैत्र महिनासम्म** जलविद्युतको व्यापारिक रूपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो **दश वर्षसम्म** पूरै आयकर छुट । साथै त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत यस्तो सुविधा ।	१००%
११	(३घ)	सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रूपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट र त्यसपछिको **पाँच वर्षसम्म** पचास प्रतिशत आयकर छुट पाउने ।साथै त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत यस्तो सुविधा पाउने ।	५०%
११	(३ज)	अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले **दश वर्षसम्म** लाग्ने करमा चालीस प्रतिशत छुट ।	४०%
११	(३ज)	अति अ अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले **दश वर्षसम्म** लाग्ने करमा पच्चीस प्रतिशत छुट ।	२५%
११	(३ट)	दुई अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई	१००%

दफा	उपदफा/खण्ड	विवरण	छुट प्रतिशत
		कारोबार सुरु गरेको मितिले **पाँच वर्षसम्म** पूर्ण रूपमा आयकर छुट ।	
११	(३ट)	दुई अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा र त्यसपछिको **तीन वर्षसम्म** लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट ।	५०%
११	(३ड)	पचास करोड रुपैयाँ वा सो भन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी हुनेगरी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक **कम्पनीको रूपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म** लाग्ने करमा दश प्रतिशत छुट ।	१०%
११	(३त)	लघु उद्यमलाई व्यवसाय वा **कारोबार शुरु गरेको मितिले सात वर्षसम्म** लाग्ने आयकर पूर्ण रूपमा छुट ।	१००%
११	(३त)	लघु उद्यमलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले सात वर्षसम्म लाग्ने आयकर पूर्ण रूपमा छुट । यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा **थप तीन वर्ष** लाग्ने आयकर पूर्ण रूपमा छुट ।	१००%
नोटः- एउटै आयको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ११ बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने तर आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२ख) को खण्ड (क) र (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले दफा ११ बमोजिम अर्को कुनै कर छुटको सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउनेछ।			

२.२ करको दरमा सहुलियत सम्बन्धी व्यवस्थाः

आयकर ऐन, २०५८ मा रहेको अर्को एउटा महत्वपूर्ण सुविधाका रूपमा सहुलियत दरमा कर लगाउनु पनि रहेको छ । यस अन्तर्गत प्राकृतिक व्यक्ति वा निकायलाई प्रचलित दरमा कर नलगाई सहुलियत दरमा वा प्रगतिशिल दरमा कर लगाउने गरी व्यवस्था गरिएको छ । आयकर ऐनमा राखिएको पच्चीस प्रतिशत दरलाई करको सामान्य दर (Standard Rate) मान्ने हो भने पच्चीस प्रतिशत भन्दा कम दर लाग्ने गरी गरिएको व्यवस्थालाई करको दरमा सहुलियतको व्यवस्था मान्न सकिन्छ । यस किसिमको व्यवस्थालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

(क) न्यून कर दरको सुविधाः

प्रचलित दर भन्दा न्यून दरमा कर लगाउने गरी गरिएको व्यवस्थालाई न्यून कर दरको सुविधा मान्न सकिन्छ। आयकर ऐन, २०५८ मा कतिपय व्यक्तिको आय वा निश्चित स्रोतबाट भएको आयलाई कर प्रयोजनको लागि पच्चीस प्रतिशतको सामान्य दर भन्दा कम दरमा कर लगाउने गरी ऐनको दफा ११ र अनुसूची-१ मा व्यवस्था गरिएको छ । यस्तो किसिमको व्यवस्थालाई निम्न बमोजिम उल्लेख गरिएको छ ।

दफा	उपदफा/खण्ड	विवरण	छुट
११	(२ख)	वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेका विशेष उद्योगबाट भएको बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले छुट ।	करको दरमा १/३
११	(३ङ)(क)	नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतका दरले कर लाग्नेमा लाग्ने करको पच्चीस प्रतिशत छुट ।	करको दरमा २५%
११	(३ङ)(क)	नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका	करको दरमा ५०%

दफा	उपदफा/खण्ड	विवरण	छुट
		दरले कर लाग्नेमा लाग्ने करको पचास प्रतिशत छुट ।	
अनुसूची-१ दफा २	(३)	सहकारी ऐन, २०७४ बमोजिम महानगरपालिका क्षेत्रभित्र दर्ता भई सञ्चालन भएको सहकारी संस्थालाई दश प्रतिशतका दरले कर लाग्ने ।	१०% करको दर
अनुसूची-१ दफा २	(३)	सहकारी ऐन, २०७४ बमोजिम उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भई सञ्चालन भएको सहकारी संस्थालाई सात प्रतिशतका दरले कर लाग्ने ।	७% करको दर
अनुसूची-१ दफा २	(७)	सहकारी ऐन,२०७४ बमोजिम नगरपालिका क्षेत्रभित्र दर्ता भई सञ्चालन भएको सहकारी संस्थालाई पाँच प्रतिशतका दरले कर लाग्ने ।	५% करको दर
अनुसूची-१ दफा २	(७)	नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलव्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा दुई प्रतिशतका दरले कर लाग्ने ।	२% करको दर

(ख) प्रगतिशिल कर दरको सुविधाः

करको दरमा सहुलियत सम्बन्धी व्यवस्था अन्तर्गतको अर्को व्यवस्था प्रगतिशिल कर दरको सुविधा पनि हो। यो सुविधा अन्तर्गत कर गणना गर्दा सबै आयमा एकमुष्ठ रूपमा प्रचलित दर नलगाई आय आर्जनको तहगत आधारमा न्यून आयमा न्यून दर र अधिक आयमा क्रमशः कर दरलाई वृद्धि गरी कर गणना गर्ने गरिन्छ । आयकर ऐन, २०५८ मा प्राकृतिक व्यक्तिको आयमा यस किसिमले कर लगाउने व्यवस्था गरिएको छ । जुन तपसिल बमोजिम रहेको छ।

दफा	उपदफा/खण्ड			विवरण	करको दर
अनुसूची-१ दफा १	(१)	एकल व्यक्ति	पहिलो तह	रु.४,००,०००।- सम्म	१%
			दोस्रो तह	पहिलो तह पछिको रु.१,००,०००।- मा	१०%
			तेस्रो तह	दोस्रो तह पछिको रु.२,००,०००।- मा	२०%
			चौंथो तह	तेस्रो तह पछिको रु.२०,००,०००।- सम्म	३०%
			पाँचौ तह	चौंथो तह पछि बाँकी रहेको सम्पूर्ण रकममा	३६%
अनुसूची-१ दफा १	(२)	दम्पती	पहिलो तह	रु.४,५०,०००।- सम्म	१%
			दोस्रो तह	पहिलो तह पछिको रु.१,००,०००।- मा	१०%
			तेस्रो तह	दोस्रो तह पछिको रु.२,००,०००।-मा	२०%
			चौंथो तह	तेस्रो तह पछिको रु.२०,००,०००।- सम्म	३०%
			पाँचौ तह	चौंथो तह पछि बाँकी रहेको सम्पूर्ण रकममा	३६%

२.३ कर छुट तथा सहुलियत सम्बन्धी विशेष व्यवस्थाः

आयकर ऐन, २०५८ मा रहेको अर्को एउटा महत्वपूर्ण सुविधाका रूपमा विशेष प्रावधानहरू सम्बन्धी व्यवस्था रहेको छ । यस अन्तर्गत ऐनले तोकेका विशेष प्राकृतिक व्यक्ति वा निकायले कर गणना गर्ने प्रयोजनका निमित्त विभिन्न विशेष प्रावधानहरूको प्रयोग गर्न सक्ने गरी व्यवस्था गरिएको छ । जस अनुसार करदाताले आफ्नो आयकर गणना गर्दा ति विशेष प्रावधानहरूको सुविधा उपयोग गरी आफ्नो कर दायित्वलाई कम गर्न वा आगामी अवधिमा सारी लैजान पाउन सक्नेछन् । यसरी करदाताले उपयोग गर्न पाउने विशेष प्रावधानहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

२.३.१ पूर्वानुमानित कर सम्बन्धी व्यवस्थाः

आयकर ऐनमा कतिपय व्यक्तिहरूलाई पूर्वानुमानित रूपमा तय गरिएको कर मात्र लाग्ने र सो बमोजिम दाखिला गरेको करलाई अन्तिम हुने व्यवस्था गरिएको छ। यसरी गरिएको व्यवस्थालाई निम्न तीन वर्गमा विभाजन गरी हेर्न सकिन्छ ।

(क) डे०१ आय विवरणः

ऐनको दफा ४ को उपदफा (४) तथा अनुसूची-१ को दफा १ को उपदफा (७) मा देहायका बासिन्दा प्राकृतिक व्यक्तिले महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा सात हजार पाँच सय रुपैयाँ, नगरपालिका क्षेत्रमा चार हजार रुपैयाँ र अन्य कुनै स्थानमा दुई हजार पाँच सय रुपैयाँ मात्र कर दाखिला गर्दा अन्तिम हुने व्यवस्था गरिएको छ ।

१. आय वर्षमा नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,

२. औषधी उपचार खर्च बापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी बापत दफा ९३ बमोजिम कर मिलान गर्न दाबी नगरेको,

३. व्यवसायबाट प्राप्त आय दुई लाख रुपैयाँ र व्यवसायको कारोबार बीस लाख रुपैयाँभन्दा बढी नभएको,

४ सो आय वर्षमा यो व्यवस्था लागू हुने गरी छनौट गरेको,

५. मूल्य अभिवृद्धि करमा दर्ता नभएको ।

(ख) डे०२ आय विवरणः

ऐनको दफा ४ को उपदफा (४क) तथा अनुसूची-१ को दफा १ को उपदफा (१७) मा कुनै बासिन्दा प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा कारोबारका आधारमा दाखिला गर्नुपर्ने कर सम्बन्धमा देहाय बमोजिमको कारोबार गरेमा कारोबार रकमको कर गणना गर्दा बीस लाख रुपैंयासम्मको कारोबारमा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सोभन्दा बढीको कारोबार रकममा देहाय बमोजिम कर लाग्ने र उक्त कर दाखिला नै अन्तिम हुने व्यवस्था गरिएको छ ।

(१) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलब दुई पाँच प्रतिशत,

(२) खण्ड (१) मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलब सात पाँच प्रतिशत,

(३) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत ।

तर उपरोक्त बमोजिमको व्यवस्था देहाय बमोजिमका प्राकृतिक व्यक्तिहरूको हकमा मात्र लागु हुने छ ।

(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको,

(ख) व्यवसायको कारोबार वार्षिक बीस लाख रुपैयाँभन्दा बढी र पचास लाख रुपैयाँभन्दा घटी भएको,

(ग) मूल्य अभिबृद्धि करमा दर्ता नभएको,

(घ) चिकित्सक, इञ्जिनियर, लेखा परीक्षक, कानुन व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको ।

२.३.२ खर्च तथा नोक्सानी कट्टी सम्बन्धी विशेष व्यवस्थाः

आयकर ऐनमा व्यवसाय तथा लगानीको आय गणना गर्दा कतिपय व्यक्तिहरूलाई खर्च तथा नोक्सानी कट्टी गर्ने सम्बन्धमा विशेष सहुलियतको व्यवस्था राखिएको छ । यसरी दिइएका सहुलियतहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

(क) मर्मत सुधार खर्चको सीमा लागू नहुनेः

ऐनको दफा १६ अनुसार हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाई जहाजको परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा यसै दफा अनुसारको ७ प्रतिशतको सीमा नलाग्ने व्यवस्था गरेको छ ।

(ख) अधिक दरको ह्रास खर्च सुविधाः

आयकर ऐनले कतिपय व्यवसायमा ह्रासको समान्य दर भन्दा अधिक दरले ह्रासकट्टी गर्न पाउने गरी व्यवस्था गरेको छ । यस व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरूले र ऐनको दफा ११ को उपदफा (२ख), (३च), (३थ) र अनुसूची-१ को दफा २ को उपदफा (३) मा उल्लेख गरिएका निकायले यस अनुसूचीको उपदफा (१) मा उल्लेख गरेका वर्ग "क","ख","ग" र "घ" मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एक तिहाईले थप पाउने ।

   जस्तैः

   - सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरू र विद्युत गृह निर्माण उत्पादन र प्रसारण गर्ने आयोजनाहरू ।
   - विशेष उद्योग ।
   - ट्राम वा ट्रली बस, रोपवे, केबलकार, आकाशे पुल निर्माण, सडक, पुल, सुरङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गर्ने निकाय ।

२. कुनै व्यक्तिले आफ्नो व्यावसायिक प्रयोजनको निमित्त आवश्यक पर्ने उर्जाशक्ति उत्पादन गर्न पुँजीकृत गरेको सम्पत्तिको पुँजिगत रकमको पचास प्रतिशत सोही वर्ष ह्रास खर्च बापत कट्टी दाबी गर्न सक्ने।

३. कुनै व्यक्तिले फिस्कल प्रिण्टर र क्यास मेशिन राखी बिल बिजक जारी गर्ने गरेमा सो प्रिण्टर तथा क्यास मेशिनमा भएको खर्चको एकमुष्ठ रकम ह्रास खर्च बापत सोही वर्ष दाबी गर्न सक्ने ।

(ग) नोक्सानी कट्टी सम्बन्धी विशेष सुविधाः

ऐनको दफा २० ले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजन, विद्युत गृह निर्माण, उत्पादन र प्रशारण गर्ने आयोजना र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको हकमा विगत सात वर्षको सट्टा विगत बाह्र वर्षको कट्टी हुन नपाएको नोक्सानीलाई खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गरेको छ ।

२.४ प्राकृतिक व्यक्तिको कर गणना सम्बन्धी विशेष व्यवस्थाः

आयकर ऐनले प्राकृतिक व्यक्तिको कर निर्धारण सम्बन्धमा केहि विशेष छुट सम्बन्धी व्यवस्थाहरू राखेको छ । सो अनुसार प्राकृतिक व्यक्तिले आफ्नो कर दायित्व यकिन गर्ने क्रममा केहि विशेष खर्चहरूलाई घटाउन वा केहि विशेष व्यवस्थालाई अपनाउन सक्ने हुन्छ । यसबाट प्राकृतिक व्यक्तिलाई केहि हदसम्म आफ्नो कर दायित्व कानुनी तवरले न्यूनीकरण गर्न मद्दत्त पुऱ्याएको देखिन्छ । प्राकृतिक व्यक्तिहरूलाई दिइएका यस्ता किसिमका सुविधा वा सहुलियतहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

(क) दम्पती छनौटको व्यवस्थाः

ऐनको दफा ५० ले बासिन्दा प्राकृतिक व्यक्ति र सो व्यक्तिको बासिन्दा पति वा पत्नी दुवैले लिखित सूचना दिएर कुनै खास आय वर्षमा कर प्रयोजनको लागि एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गर्न सक्ने साथै आश्रितलाई भरण पोषण गर्नुपर्ने बसिन्दा विधवा वा विधुरलाई समेत दम्पती सरह मानिने छ भन्ने व्यवस्था गरेको छ । यसबाट प्राकृतिक व्यक्तिले कर दायित्व यकिन गर्ने प्रयोजनका लागि अधिक सुविधा उपभोग गर्न पाउने देखिन्छ ।

(ख) औषधि उपचार बापत कर मिलान सुविधाः

ऐनको दफा ५१ ले प्राकृतिक बासिन्दा व्यक्तिले निजको लागि आफैं वा अन्य कुनै व्यक्ति मार्फत गरेको स्वीकृत औषधि उपचार खर्चको लागि औषधि उपचार बापत कर मिलान गर्न दाबी गर्न सक्ने व्यवस्था गरेको छ । यस अनुसार प्राकृतिक बासिन्दा व्यक्तिले स्वीकृत औषधि उपचार खर्च रकमको पन्ध्र प्रतिशत वा रु.७५०।- मध्ये जुन बढी हुन्छ सो रकमलाई औषधि उपचार बापत कर मिलान गर्न सक्नेछ ।

(ग) कर गणनामा थ्रेसहोल्डको व्यवस्थाः

ऐनको अनुसुची-१ ले बासिन्दा प्राकृतिक व्यक्ति (रोजगारीबाट आय आर्जन गर्ने बाहेक) लाई कर गणना गर्ने प्रयोजनका लागि सुविधा स्वरूप निश्चित थ्रेसहोल्ड सम्मको आयमा कर नलाग्ने गरी व्यवस्था गरेको छ । यस अनुसार आर्थिक वर्ष २०७७।७८ मा एउटा प्राकृतिक व्यक्तिले रु.४,००,०००।- र दम्पती छनौट गरेको भएमा रु.४,५०,०००।- सम्मको कर योग्य आयलाई कर छुटको रूपमा उपभोग गर्न पाउन सक्नेछ ।

(घ) दुगर्म भत्ता बापतको रकम घटाउन पाउने व्यवस्थाः

ऐनको अनुसुची -१ दफा १ को उपदफा (५) र नियमावलीको नियम ३८ ले प्राकृतिक बासिन्दा व्यक्तिलाई तोकिएको दुर्गम क्षेत्रमा कार्य गरे बापत तोकिए बमाजिम बढीमा पचास हजार रुपैयाँ सम्म कर योग्य आयबाट घटाउन पाउने व्यवस्था गरेको छ । जुन यस प्रकारको रहेको छ ।

१. "क" वर्गका क्षेत्रमा रु.५०,०००।- (पचास हजार)

२. "ख" वर्गका क्षेत्रमा रु.४०,०००।- (चालीस हजार)

३. "ग" वर्गका क्षेत्रमा रु.३०,०००।- (तीस हजार)

४. "घ" वर्गका क्षेत्रमा रु.२०,०००।- (बीस हजार)

५. "ङ" वर्गका क्षेत्रमा रु.१०,०००।- (दश हजार)

(ङ) वैदेशिक भत्ता बापतको रकम घटाउन पाउने व्यवस्थाः

ऐनको अनुसुची -१ को दफा १ को उपदफा (६) ले नेपालका विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ता बापतको पचहत्तर प्रतिशत रकम कर योग्य आयबाट घटाउन पाउने व्यवस्था गरेको छ ।

(च) अपाङ्गता भएको व्यक्तिलाई विशेष सुविधाः

ऐनको अनुसुची -१ को दफा १ को उपदफा (१०) ले बासिन्दा प्राकृतिक व्यक्तिमा अपाङ्गता रहेको छ भने त्यस्तो व्यक्तिको कर योग्य आय गणना गर्दा बुँदा (ग) मा उल्लेख भए बमोजिमको थ्रेसहोल्ड रकमको पचास प्रतिशत सम्मको रकम कर योग्य आयबाट घटाउन पाउने व्यवस्था गरेको छ ।

(छ) पारिश्रमिक आय मात्र आर्जन गर्ने महिलालाई विशेष सुविधाः

ऐनको अनुसुची -१ को दफा १ को उपदफा (११) ले बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहिछन् भने निजलाई लाग्ने करको दश प्रतिशत रकम बराबर कर छुट हुने व्यवस्था गरेको छ।

(ज) लगानी बीमा सम्बन्धी विशेष व्यवस्थाः

ऐनको अनुसुची -१ को दफा १ को उपदफा (१२) ले बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गराएको भएमा सो बीमा बापत तिरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम कर योग्य आयबाट घटाउन पाउने व्यवस्था गरेको छ ।

(झ) स्वास्थ्य बीमा सम्बन्धी विशेष व्यवस्थाः

ऐनको अनुसुची -१ को दफा १ को उपदफा (१२) ले बासिन्दा प्राकृतिक व्यक्तिले स्वास्थ्य बीमा गराएको भएमा सो बीमा बापत तिरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम कर योग्य आयबाट घटाउन पाउने व्यवस्था गरेको छ ।

(ञ) मृत्यु बापत प्राप्त हुने क्षतिपूर्तिको रकम सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा ३१ को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांसको खण्ड (२) मा प्राकृतिक व्यक्तिको मृत्यु बापत प्राप्त हुने क्षतिपूर्तिको रकमलाई आयमा समावेश गर्नु नपर्ने गरी व्यवस्था गरिएको छ ।

२.५ अन्य विशेष व्यवस्थाः

माथि उल्लिखित विशेष व्यवस्थाहरूका अतिरिक्त आयकर ऐनमा राखिएका अन्य विशेष प्रावधानहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

२.५.१ कर लेखाङ्कन सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा २४ ले बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानुनको अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्ने व्यवस्था गरेको छ भने सोही दफामा सहकारी संस्थाहरू

निकाय भए तापनि ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्ने गरी व्यवस्था गरेको छ ।

२.५.२ जोखिम व्यहोर्ने कोष सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा ५९(१क) मा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति बापत व्यवस्था गरिएको रकम समेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न सक्ने र दफा ५९(१ख) मा सहकारी संस्थाले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न सक्ने व्यवस्था रहेको छ ।

२.५.३ बीमा व्यवसाय सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा ६० मा सामान्य बीमा व्यवसाय गर्ने व्यक्तिले नाफा नोक्सान हिसाबमा देखाइएको खुद बीमा शुल्कको पचास प्रतिशतसम्मको रकम र कुनै वर्षको अन्त्यमा दाबी भुक्तानी बापत बाँकी रकमको एक सय पन्ध्र प्रतिशतसम्मको जोखिम व्यहोर्ने कोषमा राखेको रकम खर्च कट्टी गर्न सक्ने व्यवस्था रहेको छ ।

२.५.४ पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा ११क. बमोजिम नेपाल सरकारले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नको लागि कुनै व्यक्तिसँग सम्झौता गर्दा कायम रहेको कर सम्बन्धी व्यवस्था तथा सुविधा जस्तैः करको दर एवं सुविधा, ह्रासकट्टी सम्बन्धी व्यवस्था, नोक्सानी कट्टी आदि प्रावधानमा पछिल्ला वर्षमा ऐनमा संशोधन भए तापनि त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर त्यस्तो कर सम्बन्धी सुविधा उपभोग गर्न पाउने छ ।

२.५.५ सम्पदा संरक्षण र खेलकुदको विकासमा गरेको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा १२क. बमोजिम आन्तरिक राजस्व विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा

खेलकुदको सार्वजनिक भौत्तिक पूर्वाधार निर्माण गर्ने कार्यमा कुनै कम्पनीले गरेको खर्चमध्ये दश लाख रुपैयाँसम्मको रकम वा निर्धारण योग्य आयको दश प्रतिशतले हुने रकममध्ये जुन घटी हुन्छ त्यस्तो रकम आफ्नो उक्त वर्षको कर योग्य आय गणना गर्दा घटाई पाउन दाबी गर्न सक्नेछ ।

२.५.६ कर छुट पाएका संस्थाहरूलाई दिइएको चन्दा उपहार सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा १२ बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो कर योग्य आय गणना गर्दा विभागबाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई दिएको एक लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित कर योग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ सो खर्च घटाउन दाबी गर्न सक्नेछ ।

२.५.७ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान सम्बन्धी विशेष व्यवस्थाः

ऐनको दफा १२ख. बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम उक्त वर्षको कर योग्य आय गणना गर्दा घटाउन सक्नेछ ।

२.६ करको दर

प्राकृतिक व्यक्ति तथा निकायलाई देहाय बमोजिम कर लाग्ने व्यवस्था रहेको छः

(क) प्राकृतिक व्यक्तिका लागि लागू हुने करको दर

प्राकृतिक व्यक्तिलाई लागू हुने आय वर्ष २०७७/७८ को करको दरका सम्बन्धमा ऐनको व्यवस्था देहाय बमोजिम रहेको छः

एकल व्यक्ति	दम्पती	करको दर
रोजगारीको आय मात्र हुनेको लागि		
रु.४,००,०००/-सम्म करयोग्य आय भएमा	रु.४,५०,०००/-सम्म करयोग्य आय भएमा	करयोग्य आयको १ प्रतिशतका दरले*
रु.४,००,०००।- भन्दा बढी तर	रु.४,५०,०००/- भन्दा बढी तर	<u>**एकल व्यक्तिको हकमा**</u> रु.४,०००/-र रु.४,००,०००/- देखि

एकल व्यक्ति	दम्पती	करको दर
रु.५,००,०००/- सम्म करयोग्य आय भएमा	रु.५,५०,०००/- सम्म करयोग्य आय भएमा	रु.५,००,०००/- सम्मको रकममा १० प्रतिशतका दरले **<u>दम्पतीको हकमा</u>** रु.४,५००/- र रु.४,५०,०००/- देखि रु.५,५०,०००/- सम्मको रकममा १० प्रतिशतका दरले
रु.५,००,०००/- भन्दा बढी तर रु.७,००,०००/- सम्म करयोग्य आय भएमा	रु.५,५०,०००/- भन्दा बढी तर रु.७,५०,०००/- सम्म करयोग्य आय भएमा	**<u>एकल व्यक्तिको हकमा</u>** रु.१४,०००/- र रु.५,००,०००/- देखि रु.७,००,०००/- सम्मको रकममा २० प्रतिशतका दरले **<u>दम्पतीको हकमा</u>** रु.१४,५००/- र रु.५,५०,०००/- देखि रु.७,५०,०००/- सम्मको रकममा २० प्रतिशतका दरले
रु.७,००,०००/- भन्दा बढी तर रु.२०,००,०००/- सम्म करयोग्य आय भएमा	रु.७,५०,०००/- भन्दा बढी तर रु.२०,००,०००/- सम्म करयोग्य आय भएमा	**<u>एकल व्यक्तिको हकमा</u>** रु.५४,०००/- र रु.७,००,०००/- देखि रु.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले **<u>दम्पतीको हकमा</u>** रु.५४,५००/- र रु.७,५०,०००/- देखि रु.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले
रु.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा	रु.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा	**<u>एकल व्यक्तिको हकमा</u>** रु.४,४४,०००/- र रु.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले **<u>दम्पतीको हकमा</u>** रु.४,२९,५००/- र रु.२०,००,०००/-

एकल व्यक्ति	दम्पती	करको दर
		भन्दा बढी रकममा ३६ प्रतिशतका दरले
एकलौटी फर्मको रुपमा व्यवसाय मात्र हुनेको लागि		
रु.४,००,०००/-सम्म करयोग्य आय भएमा	रु.४,५०,०००/-सम्म करयोग्य आय भएमा	कर नलाग्ने
रु.४,००,०००/- भन्दा बढी तर रु.५,००,०००/- सम्म करयोग्य आय भएमा	रु.४,५०,०००/- भन्दा बढी तर रु.५,५०,०००/- सम्म करयोग्य आय भएमा	**एकल व्यक्तिको हकमा** रु.४,००,०००/- देखि रु.५,००,०००/- सम्मको रकममा १० प्रतिशतका दरले **दम्पतीको हकमा** रु.४,५०,०००/- देखि रु.५,५०,०००/- सम्मको रकममा १० प्रतिशतका दरले
रु.५,००,०००/- भन्दा बढी तर रु.७,००,०००/- सम्म करयोग्य आय भएमा	रु.५,५०,०००/- भन्दा बढी तर रु.७,५०,०००/- सम्म करयोग्य आय भएमा	**एकल व्यक्तिको हकमा** रु.१०,०००/- र रु.५,००,०००/- देखि रु.७,००,०००/- सम्मको रकममा २० प्रतिशतका दरले **दम्पतीको हकमा** रु.१०,०००/- र रु.५,५०,०००/- देखि रु.७,५०,०००/- सम्मको रकममा २० प्रतिशतका दरले
रु.७,००,०००/- भन्दा बढी तर रु.२०,००,०००/- सम्म करयोग्य आय भएमा	रु.७,५०,०००/- भन्दा बढी तर रु.२०,००,०००/- सम्म करयोग्य आय भएमा	**एकल व्यक्तिको हकमा** रु.५०,०००/- र रु.७,००,०००/- देखि रु.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले **दम्पतीको हकमा** रु.५०,०००/- र रु.७,५०,०००/- देखि रु.२०,००,०००/- सम्मको रकममा ३० प्रतिशतका दरले

एकल व्यक्ति	दम्पती	करको दर
रु.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा	रु.२०,००,०००/- भन्दा बढी करयोग्य आय भएमा	<u>एकल व्यक्तिको हकमा</u> रु.४,४०,०००/- र रु.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले <u>दम्पतीको हकमा</u> रु.४,२५,०००/- र रु.२०,००,०००/- भन्दा बढी रकममा ३६ प्रतिशतका दरले

* एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृतभरण बापतको आय, निवृतभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा एक प्रतिशतको कर लाग्ने नलाग्ने । {(अनुसूची-१ को दफा १ को उपदफा (१) र (२)}

(ख) निकायको लागि लागू हुने करको दर

निकायको लागि लागू हुने आय वर्ष २०७७/७८ को करको दरका सम्बन्धमा ऐनको व्यवस्था देहाय बमोजिम रहेको छः

सि.नं.	अनुसूची / दफा	व्यवसाय/निकायको विवरण/आयको अवस्था	करको दर
१	अनुसूची-१ दफा २(१)	सामान्य व्यवसाय गर्ने निकाय	२५ प्रतिशत
२	अनुसूची-१ दफा २(२)	बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूर सञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्युचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, विंडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पान मसला, मदिरा र वियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकाय	३० प्रतिशत

सि.नं.	अनुसूची / दफा	व्यवसाय/निकायको विवरण/आयको अवस्था	करको दर
३	अनुसूची-१ दफा २(३)	सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेः -नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा -उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा -महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा	५ प्रतिशत ७ प्रतिशत १० प्रतिशत
४	अनुसूची-१ दफा २(३ख)	सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय महाविद्यालयको करयोग्य आयमा	२० प्रतिशत
५	अनुसूची-१ दफा २(६)	कुनै आय वर्षमा कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा	५ प्रतिशत
६	अनुसूची-१ दफा २(७)	कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा	५ प्रतिशत २ प्रतिशत

३. मूल्य अभिवृद्धि कर छुट र शून्य दर

३.१ मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाहरूः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ ले देहायका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छः

समूह १	आधारभूत कृषि उत्पादनहरू,
समूह २	आधारभूत आवश्यकताका वस्तुहरू,
समूह ३	जीवजन्तु तथा सोको उपज,
समूह ४	कृषि सामग्रीहरू,
समूह ५	औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरू,
समूह ६	शिक्षा,
समूह ७	किताब, अखवार र मुद्रित सामग्रीहरू,
समूह ८	कलात्मक र कालीगढी सेवा,
समूह ९	यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू,
समूह १०	व्यावसायिक वा पेशागत सेवा,
समूह ११	अन्य वस्तु तथा सेवा,
समूह १२	भवन र जग्गा,
समूह १३	बाजी, क्यासिनो र चिठ्ठा ।

माथि उल्लेख गरिएका वस्तु र सेवाको कारोबार गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्दैन ।

३.२ शून्य दरमा कर लाग्ने वस्तु तथा सेवाः

कुनै खास वस्तु तथा सेवाको उत्पादन, उपभोग र कारोबारलाई बित्तीय प्रोत्साहन प्रदान गर्नु परेमा, कुनै खास वर्ग, क्षेत्र र समूदायलाई विशेष सुविधा दिने नीति अख्तियार गरिएमा त्यस्ता वस्तुको आपूर्तिमा शून्य दर लगाइन्छ। मुख्यतः प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी निकासीलाई प्रोत्साहन दिन शून्य दर लगाइन्छ। शून्य दरको आपूर्ति करयोग्य आपूर्ति हो। शून्य दरको आपूर्तिमा खरिदमा तिरेको कर कट्टा गर्न पाइन्छ भने कर छुटको आपूर्तिमा खरिदमा तिरेको कर कट्टी गर्न पाइदैन । सामान्यतया नेपालबाहिर निर्यात हुने वस्तु र नेपालबाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवामा शून्य दरको कर लाग्ने छ । शून्य दर आकर्षित हुने वस्तु तथा सेवाहरूको सूची मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-२ मा उल्लेख गरिएको छ ।

३.३ कूटनीतिक, संयुक्त राष्ट्र संघ तथा आयोजनालाई कर छुटः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ मा देहायको रकममा कर छुटको सुविधा प्रदान गरेकोले ती निकायहरूले तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था गरेको छः

(क) नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कूटनीतिक मान्यता प्रदान गरेको नेपालको कूटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय नियोग वा संस्थामा कार्यरत कूटनीतिक सुविधा प्राप्त व्यक्तिलाई कर छुटको सुविधा प्रदान गरेको रहेछ भने नेपालस्थित त्यस्तो राष्ट्र, क्षेत्रीय वा अन्तर्राष्ट्रिय नियोग वा संस्थाको कूटनीतिज्ञले आफुले उपभोग गरेको हदसम्म नेपालभित्र तिरेको करको रकम ।

(ख) नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा प्राप्त नियोगले नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको करको रकम ।

(ग) संयुक्त राष्ट्र संघ, यसका सदस्य संस्था एवम् विशिष्टीकृत एजेन्सीले आफ्नो उद्देश्य अनुरूप कार्य सञ्चालन गर्ने सिलसिलामा नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको करको रकम ।

(घ) नेपाल सरकार, अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्था वा त्यस्तो संस्थाले तिरेको करको रकम,

(ङ) नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति प्राप्त दुई वा बहुपक्षीय सम्झौता बमोजिम नेपाल भित्र आयोजना सञ्चालन गर्ने सिलसिलामा तिरेको करको रकम,

३.४ अन्य

कर लाग्ने वस्तु तथा सेवामा कुनै छुट दिन मनासिब देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट दिन सक्नेछ ।

४. अन्तःशुल्क

४.१ अन्तःशुल्क नलाग्ने कारोबारः

अन्तःशुल्क ऐन २०५८ को दफा ३ख. बमोजिम देहायको वस्तु वा सेवाको कारोबारमा अन्तःशुल्क लाग्ने छैनः

(क) नेपालबाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त कर मुक्त पसल (बण्डेड वेयर हाउस र ड्यूटि फ्री सप) लाई मदिरा वा चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा ।

(ख) स्वीकृति प्राप्त बण्डेड वेयर हाउसले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कूटनीतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई चुरोट वा मदिरा बिक्री गरेमा ।

४.२ अन्तःशुल्क छुटः

अन्तःशुल्क ऐन, २०५८ को दफा ४ग. बमोजिम देहायको वस्तुहरूको कारोबारमा अन्तःशुल्क छुटको व्यवस्था गरिएको छः

(क) कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले परराष्ट्र मन्त्रालयको सिफारिसमा पैठारी गर्ने वस्तुमा ।

(ख) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले दश वर्ष ननाघेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सुरु उत्पादन वर्षले दश वर्ष ननाघेका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई स्थानीय निकाय, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा ।

(ग) कूटनीतिक नियोग, परियोजना, व्यक्ति र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ, संस्था) महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा ।

(घ) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी गरिएका सवारी साधनका धनीको मृत्यु भइ उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा ।

(ङ) संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक, सशस्त्र प्रहरी र नेपाल प्रहरीको डफ्फाको प्रयोगका लागि लगतमा राखी लगेका आर्मौड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु ।

(च) नब्बे प्रतिशत वा सोभन्दा बढी स्वदेशी झुत्रा वा पत्रु (कवाडी) वस्तु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई त्यस्तो उत्पादनमा ।

४.३ अन्तःशुल्क दरबन्दीको अनुसूचिमा भएको छुटको व्यवस्थाः

(क) एम्बुलेन्स, शव वाहन, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कूटर र ब्याट्रीबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन।

(ख) घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ (Ready to eat नभएको) मा अन्तःशुल्क लाग्ने छैन।

(ग) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी सूचना वमोजिम प्राप्त सुविधा अन्तर्गत भन्सार महसुल छुटमा पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन।

(घ) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था वा संघ तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसमा अन्तःशुल्क छुट हुनेछ । त्यसरी पैठारी गरेका सवारी साधनहरू पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वितरण वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम लाग्ने पूरै अन्तःशुल्क लाग्नेछ।

(ङ) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थी ओसारपसार गर्ने प्रयोजनको लागि ३० सिट वा सोभन्दा बढी क्षमताको एक थान बस आयात गर्दा लाग्ने अन्तःशुल्क छुट हुनेछ। यसरी सुविधामा आयात गरिएको सवारी साधन दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम पूरै अन्तःशुल्क लाग्नेछ।

(च) औद्योगिक व्यवसाय ऐन २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डी र वाइनको उत्पादनमा यस अन्तःशुल्क दरबन्दीअनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छुट हुनेछ।

(छ) स्वदेशमा उत्पादन हुने शीर्षक २२.०४ र २२.०५ मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैतिस प्रतिशत तथा शीर्षक २२.०६ मा पर्ने साइडरमा लाग्ने अन्तःशुल्कमा चालिस प्रतिशत छुट हुनेछ।

(ज) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२, ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा शीर्षक ८७.११ मा पर्ने सवारी साधनको हकमा पच्चीस प्रतिशत र शीर्षक ८७.०२ र ८७.०३ मा पर्ने सवारी साधनका हकमा पचास प्रतिशत छुट हुनेछ।

(झ) पैठारीमा अन्तःशुल्क लाग्ने भए पनि केही तोकिएको वस्तुको हकमा आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

५. दर घटाउन, बढाउन वा छुट दिन सक्नेः

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार सालबसाली आर्थिक ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका करको दर घटाउन, बढाउन वा त्यस्तो कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) नेपाल सरकार, अर्थ मन्त्रालयले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय वा नेपाल सरकारको स्वामित्व भएका संगठित संस्थालाई यस ऐन बमोजिम लाग्ने करको दर घटाउन वा त्यस्तो कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) नेपाल सरकार, अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि वा नेपाल सरकार वा लगानी बोर्डसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको नाममा पैठारी हुने मालवस्तुको पैठारीमा उल्लिखित शर्तको अधीनमा रही यस ऐन बमोजिम लाग्ने करको दर घटाउन वा त्यस्तो कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

नोटः- यो कर छुट तथा सहुलियत पुस्तिकामा उल्लिखित कुनै विषय प्रचलित कर कानुन तथा निर्देशिकासँग बाझिन गएमा प्रचलित कर कानुन तथा निर्देशिकामा भएको व्यवस्था लागू हुनेछ ।

आन्तरिक राजस्व कार्यालयहरुको सम्पर्क नम्बरहरू

सि.नं.	कार्यालय		टेलिफोन नं.	फ्याक्स नं.
१	ठूला करदाता कार्यालय	हरिहरभवन, ललितपुर	०१-५०१००५०	०१-५०१००५१
२	मध्मस्तरीय करदाता कार्यालय	बबरमहल, काठमाण्डौ	०१-४२२१९६६	०१-४२२२६०८
३	आन्तरिक राजस्व कार्यालय	भद्रपुर	०२३-४५५०१२	०२३-४५६७०२
४	आन्तरिक राजस्व कार्यालय	बिराटनगर	०२१- ५३०१६६	०२१-५२२७१७
५	आन्तरिक राजस्व कार्यालय	धरान	०२५- ५२०९८२	०२५-५२८२८३
६	आन्तरिक राजस्व कार्यालय	जनकपुर	०४१-५२०१३६	०४१-५२०२९७
७	आन्तरिक राजस्व कार्यालय	लहान	०३३-५६०१८८	०३३-५६०४४९
८	आन्तरिक राजस्व कार्यालय	सिमरा	०५३-५२०९३०	०५३-५२०७१३
९	आन्तरिक राजस्व कार्यालय	बीरगन्ज	०५१-५३०२७५	०५१-५२२११२
१०	आन्तरिक राजस्व कार्यालय	हेटौडा	०५७-५२३१०१	०५७-५२०३०८
११	आन्तरिक राजस्व कार्यालय	भरतपुर	०५६-५२०१०६	०५६-५२६७७८
१२	आन्तरिक राजस्व कार्यालय	धनगढी	०९१-४१७४६०	०९१-४१७२०६
१३	आन्तरिक राजस्व कार्यालय	महेन्द्रनगर	०९९-५२११०६	०९९-५२११०६
१४	आन्तरिक राजस्व कार्यालय	पोखरा	०६१-४६४४४९	०६१-४६४४४९
१५	आन्तरिक राजस्व कार्यालय	ललितपुर	०१-५०१०१९९	०१-५०१००१०
१६	आन्तरिक राजस्व कार्यालय	भैरहवा	०७१-५२०८५७	०७१-५२१७६३
१७	आन्तरिक राजस्व कार्यालय	नेपालगञ्ज	०८१-५२०१५९	०८१-५२६२०९
१८	आन्तरिक राजस्व कार्यालय	भक्तपुर	०१-६६१७८०४	०१-६६१६००४
१९	आन्तरिक राजस्व कार्यालय	कृष्णनगर	०७६-५२०६२७	०७६-५२००३२
२०	आन्तरिक राजस्व कार्यालय	बुटवल	०७१-५५६१७३	०७१-५५०५२३
२१	आन्तरिक राजस्व कार्यालय	ललितपुर-२	०१-५५३६९३२	०१-५५३६९३२
२२	आन्तरिक राजस्व कार्यालय	दाङ्ग	०८२-५२२१०९	०८२-५२०००९
२३	आन्तरिक राजस्व कार्यालय	दमक	०२३- ५८५७५२	०२३-५८५७५२
२४	आन्तरिक राजस्व कार्यालय	दमौली	०६५ ५६०१२९	०६५-५६०१२९
२५	आन्तरिक राजस्व कार्यालय	बाग्लुङ्ग	०६८- ५२०१२९	०६८-५२०१२९
२६	आन्तरिक राजस्व कार्यालय	टङ्गाल	०१-४४३९४७६	०१-४४३९४७६
२७	आन्तरिक राजस्व कार्यालय	महाराजगञ्ज	०१-४४३५७३८	०१-४४१९२६४
२८	आन्तरिक राजस्व कार्यालय	बालाजु	०१-४३८९७९३	०१-४३८९७९४
२९	आन्तरिक राजस्व कार्यालय	कलङ्की	०१-५२१८९५१	०१-५२१८९५१
३०	आन्तरिक राजस्व कार्यालय	कालिमाटी	०१-५२३४९४२	०१-५२३४९४२

सि.नं.	कार्यालय		टेलिफोन नं.	फ्याक्स नं.
३१	आन्तरिक राजस्व कार्यालय	सुर्खेत	०८३- ५२५१७२	०८३-५२५१७२
३२	आन्तरिक राजस्व कार्यालय	बानेश्वर	०१-४४८४६७१	०१-४४८५५४३
३३	आन्तरिक राजस्व कार्यालय	पुतलीसडक	०१-४२५५०८२	०१-४२४३१७६
३४	आन्तरिक राजस्व कार्यालय	बत्तिसपुतली	०१-४११३६९०	०१-४११३६९०
३५	आन्तरिक राजस्व कार्यालय	चावहिल	०१-४८१२०८०	०१-४४८४३४०
३६	आन्तरिक राजस्व कार्यालय	कोटेश्वर	०१-५१९९१४७	०१-५१९९१४७
३७	आन्तरिक राजस्व कार्यालय	त्रिपुरेश्वर	०१-४२३०५६३	०१-४२३०५६३
३८	आन्तरिक राजस्व कार्यालय	नयाँसडक	०१-४२६६५७२	०१-४२६६६५३
३९	आन्तरिक राजस्व कार्यालय	ठमेल	०१-४२२७६०४	०१-४२१८९५३
४०	आन्तरिक राजस्व कार्यालय	धुलिखेल	०११-४९०७८६	०११-४९०७८६
४१	आन्तरिक राजस्व कार्यालय	ईटहरी	०२५-५८१६५५	०२५-५८१६५५
४२	आन्तरिक राजस्व कार्यालय	जोरपाटी	०१-४९१४१९०	
४३	आन्तरिक राजस्व कार्यालय	कावासोती	०७८-५४०५०१	०७८-५४०५०१
४४	आन्तरिक राजस्व कार्यालय	जुम्ला	०८७-५२०५५२	०८७-५२०५५२
४५	आन्तरिक राजस्व कार्यालय	डडेलधुरा	०९६-४१०३०५	०९६-४१०३०९

करदाता सेवा कार्यालयको सम्पर्क नम्बरहरू

सि.नं.	कार्यालयको नाम		टेलिफोन नं.	फ्याक्स नं.
१	करदाता सेवा कार्यालय	ईलाम	०२७-५२०११२	०२७- ५२०११२
२	करदाता सेवा कार्यालय	फिदिम	०२४-५२११३१	०२४- ५२११३०
३	करदाता सेवा कार्यालय	बिराटचोक	०२१-५४५९७९	०२१- ५४५९७९
४	करदाता सेवा कार्यालय	धनकुटा	०२६-५२०१४१	०२६- ५२०१४१
५	करदाता सेवा कार्यालय	खाँदवारी	०२९-५६०८१७	०२९- ५६०८१७
६	करदाता सेवा कार्यालय	बर्दिबास	०४४-५५०४६९	०४४- ५५०४६९
७	करदाता सेवा कार्यालय	उदयपुर	०३५-४२१५४१	०३५- ४२१५४१
८	करदाता सेवा कार्यालय	राजविराज	०३१-५२०२६७	०३१- ५२०२६७
९	करदाता सेवा कार्यालय	मलङ्गवा	०४६-५२०४५३	
१०	करदाता सेवा कार्यालय	लुक्ला	०३८-५५०१४२	०३८- ५५०१४२
११	करदाता सेवा कार्यालय	गौर	०५५-५२१४२९	०५५- ५२१४३१
१२	करदाता सेवा कार्यालय	लम्की	०९१-५४०४५५	०९१- ५४०४५५
१३	करदाता सेवा कार्यालय	पाल्पा	०७५-५२०११७	०७५- ५२२०४२
१४	करदाता सेवा कार्यालय	दिक्तेल	०३६-४२००१०	०३६- ४२००१०
१५	करदाता सेवा कार्यालय	गल्छी	०१०-४०३२३३	०१०- ४०३२३३
१६	करदाता सेवा कार्यालय	भोजपुर		
१७	करदाता सेवा कार्यालय	पथरी		
१८	करदाता सेवा कार्यालय	ओखलढुङ्गा		
१९	करदाता सेवा कार्यालय	जलेश्वर		
२०	करदाता सेवा कार्यालय	लालवन्दी		
२१	करदाता सेवा कार्यालय	कलैया		
२२	करदाता सेवा कार्यालय	चन्द्रपुर		
२३	करदाता सेवा कार्यालय	सिन्धुली		
२४	करदाता सेवा कार्यालय	मन्थली		
२५	करदाता सेवा कार्यालय	चरिकोट		
२६	करदाता सेवा कार्यालय	खैरहनी चितवन		
२७	करदाता सेवा कार्यालय	गोरखा		
२८	करदाता सेवा कार्यालय	वेशिसहर		

सि.नं.	कार्यालयको नाम		टेलिफोन नं	फ्याक्स नं.
२९	करदाता सेवा कार्यालय	परासी		
३०	करदाता सेवा कार्यालय	पुतलीवजार		
३१	करदाता सेवा कार्यालय	कुश्मा		
३२	करदाता सेवा कार्यालय	तम्घास		
३३	करदाता सेवा कार्यालय	सन्धीखर्क		
३४	करदाता सेवा कार्यालय	तौलिहवा		
३५	करदाता सेवा कार्यालय	चकचके-प्यूठान		
३६	करदाता सेवा कार्यालय	श्रीनगर-सल्यान		
३७	करदाता सेवा कार्यालय	गुलरिया		
३८	करदाता सेवा कार्यालय	साँफेबगर-अछाम		
३९	करदाता सेवा कार्यालय	दिपायल		

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूको कार्यक्षेत्र

आन्तरिक राजस्व कार्यालयहरू:

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र
१	ठूला करदाता कार्यालय	नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरूको वार्षिक कारोबारका आधारमा नेपाल राज्यभरि ।
२	मध्यमस्तरीय करदाता कार्यालय	नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरूको वार्षिक कारोबारका आधारमा नेपाल राज्यभरि ।
३	आन्तरिक राजस्व कार्यालय, भद्रपुर	ताप्लेजुङ्, पाँचथर, इलाम जिल्ला र झापा जिल्लाको मेचीनगर नगरपालिका, कन्काई नगरपालिका, भद्रपुर नगरपालिका, अर्जुनधारा नगरपालिका, विर्तामोड नगरपालिका, बाह्रदशी गाउँपालिका, झापा गाउँपालिका, बुद्धशान्ती गाउँपालिका, हल्दिवारी गाउँपालिका, र केचनाकवल गाउँपालिका ।
४	आन्तरिक राजस्व कार्यालय, दमक	झापा जिल्लाको दमक नगरपालिका, शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका, कमल गाउँपालिका र गौरीगञ्ज गाउँपालिका ।
५	आन्तरिक राजस्व कार्यालय, विराटनगर	मोरङ्ग जिल्ला ।
६	आन्तरिक राजस्व कार्यालय, धरान	धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुम जिल्ला र सुनसरी जिल्लाको धरान उपमहानगरपालिका र बराह नगरपालिकाको वडा नं. १ देखि ७ सम्म ।
७	आन्तरिक राजस्व कार्यालय, लाहान	सप्तरी, सिराहा, उदयपुर, ओखलढुङ्गा, खोटाङ्ग र सोलुखुम्बु जिल्ला ।
८	आन्तरिक राजस्व कार्यालय, जनकपुर	सिन्धुली, सर्लाही, धनुषा र महोत्तरी जिल्ला ।
९	आन्तरिक राजस्व कार्यालय, सिमरा	रौतहट र बारा जिल्ला ।
१०	आन्तरिक राजस्व कार्यालय, वीरगञ्ज	पर्सा जिल्ला ।
११	आन्तरिक राजस्व कार्यालय, धुलिखेल	काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्ला ।

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र
१२	आन्तरिक राजस्व कार्यालय, भक्तपुर	भक्तपुर जिल्ला ।
१३	आन्तरिक राजस्व कार्यालय, ललितपुर- १	ललितपुर महानगरपालिकाको वडा नं. १, २, ३, ४, ५, १०, ११, १३, १८, १९, २०, २१, २२ र २५ ।
१४	आन्तरिक राजस्व कार्यालय, ललितपुर- २	ललितपुर महानगरपालिका वडा नं. ६, ७, ८, ९, १२, १४, १५, १६, १७, २३, २४, २६, २७, २८ र २९ तथा गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बाग्मती गाउँपालिका र महाङ्काल गाउँपालिका ।
१५	आन्तरिक राजस्व कार्यालय, हेटौंडा	मकवानपुर जिल्ला ।
१६	आन्तरिक राजस्व कार्यालय, चितवन	चितवन जिल्ला ।
१७	आन्तरिक राजस्व कार्यालय, दमौली	तनहुँ, गोरखा, लम्जुङ्ग र मनाङ जिल्ला ।
१८	आन्तरिक राजस्व कार्यालय, बाग्लुङ	बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्ला ।
१९	आन्तरिक राजस्व कार्यालय, पोखरा	स्याङ्जा र कास्की जिल्ला ।
२०	आन्तरिक राजस्व कार्यालय, भैरहवा	रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नं ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नं १ देखि ४ र वडा नं. ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा गाउँपालिका, कञ्चन गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, मायादेवी गाउँपालिका, ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका, रोहिणी गाउँपालिका, सम्मरीमाई गाउँपालिका, सियारी गाउँपालिका र शुद्धोधन गाउँपालिका र नवलपरासी जिल्लाको रामग्राम नगरपालिका, सुस्ता गाउँपालिका, पाल्हीनन्दन गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका ।

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र
२१	आन्तरिक राजस्व कार्यालय, बुटवल	पाल्पा र गुल्मी जिल्ला, रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका, देवदह नगरपालिकाको वडा नं. ५ देखि १०, सैनामैना नगरपालिका तथा तिलोत्तमा नगरपालिकाको वडा नं.१ देखि ४ सम्म कञ्चन गाउँपालिका र शुद्धोधन नगरपालिका तथा नवलपरासी जिल्लाको सुनवल नगरपालिका तथा बर्दघाट नगरपालिका ।
२२	आन्तरिक राजस्व कार्यालय, कृष्णनगर	कपिलवस्तु र अर्घाखाँची जिल्ला ।
२३	आन्तरिक राजस्व कार्यालय, दाङ	दाङ, रोल्पा, रुकुम (पूर्वी भाग), रुकुम पश्चिम, सल्यान र प्यूठान जिल्ला ।
२४	आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज	बाँके र बर्दिया जिल्ला ।
२५	आन्तरिक राजस्व कार्यालय, सुर्खेत	सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा र हुम्ला जिल्ला ।
२६	आन्तरिक राजस्व कार्यालय, धनगढी	कैलाली जिल्ला ।
२७	आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर	कञ्चनपुर जिल्ला ।
२८	आन्तरिक राजस्व कार्यालय, नयाँसडक	काठमाडौं महानगरपालिका वडा नं. १९, २२, २३ र २४ ।
२९	आन्तरिक राजस्व कार्यालय, पुतलीसडक	काठमाडौं महानगरपालिका वडा नं. १, २८ र २९ ।
३०	आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर	काठमाडौं महानगरपालिका वडा नं. ११, १२, २० र २१ ।
३१	आन्तरिक राजस्व कार्यालय, महाराजगञ्ज	काठमाडौं महानगरपालिका वडा नं. ३ र २६ टोखा नगरपालिका वडा नं. १ देखि ७ र बुढानिलकण्ठ नगरपालिका वडा नं. १ देखि ७ ।
३२	आन्तरिक राजस्व कार्यालय, बालाजु	काठमाडौं महानगरपालिका वडा नं. १६, तारकेश्वर नगरपालिका, टोखा नगरपालिका वडा नं. ८ देखि ११ र रसुवा जिल्ला ।
३३	आन्तरिक राजस्व कार्यालय, टङ्गाल	काठमाडौं महानगरपालिका वडा नं. २, ४ र ५ ।
३४	आन्तरिक राजस्व कार्यालय, ठमेल	काठमाडौं महानगरपालिका वडा नं. १७, १८, २५ र २७ ।

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र
३५	आन्तरिक राजस्व कार्यालय, चाबहिल	काठमाडौं महानगरपालिका वडा नं. ७ र बुढानिलकण्ठ नगरपालिका वडा नं ८ देखि १३ ।
३६	आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली	काठमाडौं महानगरपालिका वडा नं. ८, ९ र ३० ।
३७	आन्तरिक राजस्व कार्यालय, बानेश्वर	काठमाडौं महानगरपालिका वडा नं. १० र ३१ ।
३८	आन्तरिक राजस्व कार्यालय, कोटेश्वर	काठमाडौं महानगरपालिका वडा नं. ३२ र कागेश्वरी मनहरा नगरपालिका वडा नं. ७ देखि ९ ।
३९	आन्तरिक राजस्व कार्यालय, कालिमाटी	काठमाडौं महानगरपालिका वडा नं. १३ र १४, दक्षिणकाली नगरपालिका र किर्तिपुर नगरपालिका ।
४०	आन्तरिक राजस्व कार्यालय, कलङ्की	काठमाडौं महानगरपालिका वडा नं. १५, नागार्जुन नगरपालिका, चन्द्रगिरी नगरपालिका तथा धादिङ र नुवाकोट जिल्ला
४१	आन्तरिक राजस्व कार्यालय, इटहरी	सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका, बराह नगरपालिकाको वडा नं. ८ देखि ११, इनरुवा नगरपालिका, दुहबी नगरपालिका, रामधुनी नगरपालिका, देवानगञ्ज गाउँपालिका, कोशी गाउँपालिका, गढी गाउँपालिका, बर्जु गाउँपालिका, भोक्राहा गाउँपालिका र हरिनगरा गाउँपालिका ।
४२	आन्तरिक राजस्व कार्यालय, कावासोती	नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला ।
४३	आन्तरिक राजस्व कार्यालय, जुम्ला	जुम्ला, मुगु र कालिकोट जिल्ला ।
४४	आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा	दार्चुला, बैतडी, डोटी, अछाम, बझाङ, बाजुरा र डडेल्धुरा जिल्ला ।
४५	आन्तरिक राजस्व कार्यालय, जोरपाटी	काठमाडौं महानगरपालिका वडा नं. ६, गोकर्णेश्वर नगरपालिका, शङ्खरापुर नगरपालिका र कागेश्वरी मनहरा नगरपालिका वडा नं. १ देखि ६ सम्म ।

करदाता सेवा कार्यालयहरू

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र	तालुक आन्तरिक राजस्व कार्यालय
१	करदाता सेवा कार्यालय, इलाम	इलाम जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, भद्रपुर ।
२	करदाता सेवा कार्यालय, फिदिम	ताप्लेजुङ र पाँचथर जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, भद्रपुर ।
३	करदाता सेवा कार्यालय, खाँदबारी	संखुवासभा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, धरान ।
४	करदाता सेवा कार्यालय, धनकुटा	तेह्रथुम र धनकुटा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, धरान ।
५	करदाता सेवा कार्यालय, उदयपुर	उदयपुर जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, लाहान ।
६	करदाता सेवा कार्यालय, लुक्ला	सोलुखुम्बु जिल्लाको खुम्बुपासाङल्यामु गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, लाहान ।
७	करदाता सेवा कार्यालय, राजविराज	सप्तरी जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, लाहान ।
८	करदाता सेवा कार्यालय, पाल्पा	पाल्पा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, बुटवल ।
९	करदाता सेवा कार्यालय, लम्की	कैलाली जिल्लाको टिकापुर, भजनी, जानकी, जोशीपुर बर्दगोरिया गाउँपालिका, मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका र लम्कीचुहा नगरपालिका ।	आन्तरिक राजस्व कार्यालय, धनगढी ।
१०	करदाता सेवा कार्यालय, गल्छी	धादिङ र नुवाकोट जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, कलङ्की
११	करदाता सेवा कार्यालय, दिक्तेल	खोटाङ जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, लाहान
१२	करदाता सेवा कार्यालय, भोजपुर	भोजपुर जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, धरान

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र	तालुक आन्तरिक राजस्व कार्यालय
१३	करदाता सेवा कार्यालय, विराटचोक	मोरङ जिल्लाको बेलबारी नगरपालिका, सुन्दर हरैंचा नगरपालिका र केराबारी गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, विराटनगर
१४	करदाता सेवा कार्यालय, पथरी	मोरङ जिल्लाको लेटाङ्ग नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, उर्लाबारी नगरपालिका, कानेपोखरी गाउँपालिका र मिक्लाजुङ गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, विराटनगर
१५	करदाता सेवा कार्यालय, ओखलढुङ्गा	ओखलढुङ्गा जिल्ला र सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिका, दुधकोशी गाउँपालिका, दुधकौशिका गाउँपालिका, नेचा सल्यान गाउँपालिका, महाकुलुङ गाउँपालिका, लिखुपिके गाउँपालिका र सोताङ गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, लाहान
१६	करदाता सेवा कार्यालय, बर्दिबास	महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका, गौशाला नगरपालिका र धनुषा जिल्लाको मिथिला नगरपालिका ।	आन्तरिक राजस्व कार्यालय, जनकपुर
१७	करदाता सेवा कार्यालय, सिन्धुली	सिन्धुली जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, जनकपुर
१८	करदाता सेवा कार्यालय, जलेश्वर	महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका, लोहारपट्टी नगरपालिका, रामगोपालपुर नगरपालिका, मनराशिसवा नगरपालिका, मटिहानी नगरपालिका, भँगाहा नगरपालिका,	आन्तरिक राजस्व कार्यालय, जनकपुर

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र	तालुक आन्तरिक राजस्व कार्यालय
		बलवा नगरपालिका, औरही नगरपालिका, एकडारा गाउँपालिका, सोनमा गाउँपालिका, साम्सी गाउँपालिका, महोत्तरी गाउँपालिका र पिपरा गाउँपालिका ।	
१९	करदाता सेवा कार्यालय, मलङ्गवा	सर्लाही जिल्लाको मलङ्गवा नगरपालिका, हरिपूर्वा नगरपालिका, बलरा नगरपालिका, गोडैता नगरपालिका, चक्रघट्टा गाउँपालिका, धनकौल गाउँपालिका, ब्रम्हपुरी गाउँपालिका, रामनगर गाउँपालिका, विष्णु गाउँपालिका, कौडेनी गाउँपालिका, पर्सा गाउँपालिका, बसबरिया गाउँपालिका, कविलासी नगरपलिका र चन्द्रनगर गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, जनकपुर
२०	करदाता सेवा कार्यालय, लालबन्दी	सर्लाही जिल्लाको बाग्मती नगरपालिका, हरिवन नगरपालिका, लालबन्दी नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिपुर नगरपालिका र बरहथवा नगरपालिका ।	आन्तरिक राजस्व कार्यालय, जनकपुर
२१	करदाता सेवा कार्यालय, चन्द्रपुर	रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका, बृन्दावन नगरपालिका, कटहरिया नगरपालिका, फतुवा विजयपुर नगरपालिका, गरूडा नगरपालिका, गढीमाई नगरपालिका र गुजरा नगरपालिका ।	आन्तरिक राजस्व कार्यालय, सिमरा
२२	करदाता सेवा कार्यालय, गौर	रौतहट जिल्लाको गौर नगरपालिका, बोधीमाई	आन्तरिक राजस्व कार्यालय, सिमरा

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र	तालुक आन्तरिक राजस्व कार्यालय
		नगरपालिका, देवाही गोनाही नगरपालिका, माधव नारायण नगरपालिका, मौलापुर नगरपालिका, ईशनाथ नगरपालिका, परोहा नगरपालिका, राजपुर नगरपालिका, राजदेवी नगरपालिका, दुर्गा भगवती गाउँपालिका र यमुनामाई गाउँपालिका ।	
२३	करदाता सेवा कार्यालय, कलैया	बारा जिल्लाको पचरौता नगरपालिका, सिम्रौनगढ नगरपालिका, सुवर्ण गाउँपालिका, देवताल गाउँपालिका, आदर्श कोटवाल गाउँपालिका, विश्रामपुर गाउँपालिका, फेटा गाउँपालिका, कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका, करैमाई गाउँपालिका, बारागढी गाउँपालिका र प्रशौनी गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, सिमरा
२४	करदाता सेवा कार्यालय, मन्थली	रामेछाप जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, धुलिखेल
२५	करदाता सेवा कार्यालय, चरिकोट	दोलखा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, धुलिखेल
२६	करदाता सेवा कार्यालय, खैरहनी	चितवन जिल्लाको कालिका नगरपालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका र राप्ती नगरपालिका ।	आन्तरिक राजस्व कार्यालय, भरतपुर
२७	करदाता सेवा कार्यालय, गोरखा	गोरखा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, दमौली
२८	करदाता सेवा कार्यालय, बेसीशहर	मनाङ्ग र लम्जुङ्ग जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, दमौली

सि.नं	कार्यालयको नाम	कार्यालयको कार्यक्षेत्र	तालुक आन्तरिक राजस्व कार्यालय
२९	करदाता सेवा कार्यालय, परासी ।	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, भैरहवा
३०	करदाता सेवा कार्यालय, पुतलीबजार	स्याङ्जा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, पोखरा
३१	करदाता सेवा कार्यालय, कुश्मा	पर्वत जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, बाग्लुङ
३२	करदाता सेवा कार्यालय, तम्घास	गुल्मी जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, बुटवल
३३	करदाता सेवा कार्यालय, सन्धिखर्क	अर्घाखाँची जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, कृष्णनगर
३४	करदाता सेवा कार्यालय, तौलिहवा	कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका, बुद्धभूमि नगरपालिका, वाणगङ्गा नगरपालिका, मायादेवी गाउँपालिका, यशोधरा गाउँपालिका र शुद्धोधन गाउँपालिका ।	आन्तरिक राजस्व कार्यालय, कृष्णनगर
३५	करदाता सेवा कार्यालय, चकचके, प्युठान	प्युठान र रोल्पा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, दाङ
३६	करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान	सल्यान, रुकुम (पूर्व) र रूकुम (पश्चिम) जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, दाङ
३७	करदाता सेवा कार्यालय, गुलरिया	बर्दिया जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, नेपालगन्ज
३८	करदाता सेवा कार्यालय, साँफेबगर, अछाम	अछाम र बाजुरा जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा
३९	करदाता सेवा कार्यालय, दिपायल	डोटी जिल्ला ।	आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा

नोट : मिति २०७७।३।८ को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्थापना गरिने निर्णय भएका ३१ करदाता सेवा कार्यालयहरूमध्ये केहि स्थापना भएका र केहि स्थापनाको क्रममा रहेका छन् ।

- **ठूला करदाता कार्यालयः** साबिक मुल्य अभिवृद्धि कर विभागमा वार्षिक रु. ५ करोड भन्दा बढी कर योग्य कारोबार गर्ने करदाताको कर परीक्षण हुने व्यवस्था गरिएको थियो । विभाग एकीकरण भएपछि रु.१० करोडभन्दा बढी कारोबार हुने करदाताको कर परीक्षण विभागबाटै हुने प्रबन्ध मिलाइयो । २०६० माघ १ गतेदेखि ठूला करदाता कार्यालय स्थापना गरियो । हाल यो कार्यालयले वार्षिक रु.८० करोडभन्दा बढी कर योग्य कारोबार गर्ने करदाताको कर प्रशासन गर्दछ । ठूला करदाता कार्यालय ललितपुरमा रहेको छ ।
- **मध्यमस्तरीय करदाता कार्यालय:** २०७५ श्रावणदेखि वार्षिक रु.४० करोडभन्दा बढी रु.८० करोडसम्म कारोबार भएका करदाताको कर प्रशासन गर्न यो कार्यालय स्थापना गरियो । मध्यमस्तरीय करदाता कार्यालय काठमाडौंमा रहेको छ ।
- **आन्तरिक राजस्व कार्यालय:** विभाग एकीकृत हुँदा आन्तरिक राजस्व कार्यालयको संख्या २२ थियो । २०७७ साल असारसम्म आइपुग्दा मुलुकभर रहेका आन्तरिक राजस्व कार्यालयको संख्या ४३ पुगेको छ । यी कार्यालयबाट वार्षिक रु.४० करोडसम्म कारोबार गर्ने करदाताको कर प्रशासन हुने गर्दछ ।
- **करदाता सेवा कार्यालय:** कर परीक्षण र अनुसन्धानको कामबाहेक करदाता दर्ता, कर सङ्कलन र करदाता सेवा सम्बन्धी कार्य गर्न वि.सं. २०६६ देखि करदाता सेवा कार्यालय स्थापना गर्न थालिएको हो । २०७७ साल असारसम्ममा करदाता सेवा कार्यालयको संख्या ३९ पुगेको छ ।